नागरिक लगानी कोष

कोषको वित्तीय अवस्था (अपरिष्कृत)

२०८३ असोज मसान्तसम्म

कोषको स्रोत (Sources of Fund)

रु. हजारमा

विवरण	२०८३।८४ असोज मसान्त	२०८२।८३ असोज मसान्त
शेयर पुँजी	६,८०५,७९८	६,४८१,७१२
खुद कोष मौज्दात	३५५,४९२,९१९	२९६,८९४,१४१
कुल अवकाश कोष मौज्दात	३३७,५४७,६४४	२७४,०९७,०८५
क.ब.वृ. अवकाश कोष	२४०,७५७,३७७	१९८,३११,४३१
नागरिक एकाङ्क योजना	२,१८४,८४५	१,७८०,०९२
उपदान कोष योजना	७३,५९०,५१८	५४,१६९,१०९
लगानीकर्ता हिसाब	१२,७११,९६१	११,१४३,९६१
राष्ट्रसेवक कर्मचारीको बीमा कोष	७,३७७,३१५	८,१०२,००२
नार्क बीमा कोष	१६४,७५०	१६०,९८९
नागरिक पेन्सन योजना	७६०,८७७	४२९,५००
बीमाकोष दायित्व	२,८०४,१०५	२,५४८,१८७
जगेडा कोष	१५,१४१,१७०	२०,२४८,८६९
केन्द्रीय हिसाब	३,८८६,८९४	४,४७७,७३५
अन्य कोष र योजना	११,२५४,२७५	१५,७७१,१३४
उचित मूल्य कोष	७,१३७,०९५	९,३५६,६८६
पुनःमूल्याङ्कन कोष	८८०,४९४	३३२,०६०
चालू दायित्व तथा व्यवस्था	१२,६५४,०६५	६,०९१,०८२
जम्मा :	३८२,९७०,३७०	३१९,१५५,६८२

कोषको उपयोग (Applications of Fund)

विवरण	२०८३।८४ असोज मसान्त	२०८२।८३ असोज मसान्त
खुद स्थिर सम्पत्ति	२,७७५,७२३	२,२०८,५४७
लगानी	३४२,५७२,६०१	२९५,८२८,४८५
नेपाल सरकारको ऋणपत्र	३८,८१८,७०७	३,६३२,५००
मुद्दति निक्षेप	१४०,६७७,२४८	१६२,५४३,२५१
समयकालीन कर्जा	२८,१५२,६०१	२६,३८५,३७३
सहायक कम्पनीमा लगानी	२,७२४,६७५	२,७२४,६७५
सहभागी सापटी तथा आवास कर्जा	७३,८८८,९४९	६३,९४१,०३४
ट्रेजरी बिल	२३,०७१,०००	४,३२९,७२४
सङ्गठित संस्थाको शेयर/धितोपत्र	३५,२३९,४२१	३२,२७१,९२८
उचित मूल्य समायोजित सम्पत्ति	७,१३७,०९५	९,३५६,६८६
बैक मौज्दात	२३,०४९,२३७	२,८७०,५८७
चालू सम्पत्ति	७,४३५,७१५	८,८९१,३७६
जम्मा :	३८२,९७०,३७०	३१९,१५५,६८२

माथि उल्लिखित विवरणका अङ्कहरू लेखापरीक्षकको सुझाव अनुसार परिवर्तन हुनसक्नेछ ।

नागरिक लगानी कोष

केन्द्रीय हिसाब

२०८३ श्रावण १ देखि २०८३ असोज मसान्त सम्मको अपरिष्कृत आय/व्यय हिसाब

रु. हजारमा

विवरण	२०८३।८४ असोज मसान्त	२०८२।८३ असोज मसान्त
ब्याज आम्दानी	५८,२९७	९७,२१२
सेवा शुल्क तथा कमिसन आम्दानी	४६९,६२४	४२७,४३३
विविध आम्दानी	३०,२१९	१२,५५७
कुल आम्दानी	**५५८,१४०**	**५३७,२०३**
व्यवस्थापन खर्च	९४,८६१	७८,६७७
खर्च व्यवस्था	४०,७७२	३९,२९७
कुल खर्च	**१३५,६३२**	**११७,९७४**
कर अगाडिको खुद नाफा	४२२,५०८	४१९,२२८
आय कर व्यवस्था	१०६,३९१	१०४,९००
खुद नाफा	**३१६,११७**	**३१४,३२८**

Particulars

Financial Ratios & Other Information:

Overall	As on Ashwin 2083	As on Ashwin 2082
Return on Investment (ROI)	**4.27%**	**4.81%**
Fund to Investment ratio	**94.31%**	**98.24%**
Weighted average cost of fund	**4.04%**	**4.55%**
Central Account	-	-
Net Worth (Rs. in '000)	**10,692,692**	**10,959,447**
Net Worth (Value per share)	**157.11**	**169.08**
Earning Per Share (in Rs.) - Annualized	**18.58**	**19.40**

१. **वित्तीय विवरण**

त्रैमासिक अवधिको वासलात, नाफानोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ ।

२. **कोष प्रवर्द्धक रहेका कार्यक्रम योजनाहरू**

१. कर्मचारी बचत वृद्धि अवकाश कोष
२. नागरिक एकाङ्क योजना
३. उपदान तथा पेन्सन योजना
४. लगानीकर्ता अवकाश कोष
५. राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीका कोष
६. नार्क बीमा योजना
७. नागरिक पेन्सन योजना

३. **व्यवस्थापकीय विश्लेषण**

कोषले दीर्घकालीन प्रकृतिको कोष सङ्कलन गर्ने भएको र सहभागीहरूबाट मासिक रूपमा सङ्कलन हुने रकमबाट दैनिक भुक्तानी दिने कार्य गर्ने भएको हुँदा तरलता व्यवस्थापनमा सहजता छ । कोषको मुख्य आम्दानीका रूपमा कोषले सञ्चालन गरेका योजनाहरूबाट प्राप्त सेवा शुल्क, लगानीबाट प्राप्त ब्याज आम्दानी तथा नगद लाभांश रहेको छ । कोषले लगानी विविधीकरणलाई प्राथमिकतामा राखेको छ । यद्यपि हाल वित्तीय बजारमा अधिक तरलता भई कर्जाको मागमा कमी आएको, बैंकहरूबाट निक्षेपको माग हुन छाडेको अवस्था रहेको छ । यसबाट कोषको लगानी व्यवस्थापनमा केही कठिनाई परेको छ । अल्पकालीन तरलता व्यवस्थापनका लागि ट्रेजरी बिल्स र लेखाको सम्पत्ति दायित्व मिलानको सिद्धान्त अनुरूप दीर्घकालीन प्रकृतिका सरकारी ऋणपत्रमा समेत लगानी गरिरहेको अवस्था छ । कोषले बन्दमुखी सामूहिक कोष योजना सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ ।

४. **कानूनी कारबाही सम्बन्धी विवरण**

(क) नागरिक लगानी कोषले सञ्चालन गरेको उपदान कोष तथा लगानीकर्ता हिसाब योजनाको रकमबाट सम्बन्धित संस्थाका अवकाश प्राप्त कर्मचारीहरूलाई योगदानमा आधारित नभएको अवकाश रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले आयकर बापत कट्टा गरी भुक्तानी दिँदै आएकोमा उपदान तथा लगानीकर्ता हिसाब योजना बापत ५ प्रतिशत मात्र कर कट्टि गर्नुपर्ने सम्बन्धमा कोष समेतलाई प्रतिवादी बनाई रिट दायर हुने गरेको र सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत एवं उच्च अदालतबाट आदेश/फैसला आइरहेको अवस्था विद्यमान छ ।

(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनी ठूला करदाता कार्यालयबाट आ.व. २०७४।०७५ को संशोधित कर निर्धारण गर्दा कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रशासकीय पुनरावलोकन गरेकोमा विभागबाट समेत ठूला करदाता कार्यालयको निर्णयलाई सदर गरेको हुँदा मिति २०८२ असोज ०२ गते राजस्व न्यायाधिकरण काठमाडौँमा पुनरावेदन गरिएकोमा मिति २०८३ वैशाख ३१ मा भएको राजस्व न्यायाधिकरण काठमाडौँको फैसलाले आन्तरिक राजस्व विभाग, लाजिम्पाटको निर्णय उल्टी हुने ठहर भएको तथा राजस्व न्यायाधिकरणबाट भएको फैसला उपर ठूला करदाता कार्यालयले पुनरावेदनको अनुमति पाऊँ भनी सम्मानित सर्वोच्च अदालतमा दिएको निवेदनमा पुनरावेदन गर्ने अनुमति प्रदान गर्न मिलेन भनी मिति २०८३/५/३० मा आदेश भएको ।

५. **सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

(क) कोषको शेयर नेपाल स्टक एक्स्चेन्ज लि.को दोस्रो बजारमा खुला शेयर बजार अन्तर्गत कारोबार भइरहेको छ । यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार सङ्ख्याः

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कुल दिन	कारोबार शेयर सङ्ख्या
१,८३६.००	१,६२१.१०	१,७३५.००	६१	२,६९,८१७

६. **समस्या तथा चुनौती**

कोषले प्रयोगमा ल्याई रहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरूले प्रयोगमा ल्याईरहेको सफ्टवेयरसँग एकीकरण हुनेगरी मिल्दो बनाउने, पुरानो हिसाब मिलान कार्य सम्पन्न गर्ने, सहभागीहरूलाई दिइने प्रतिफल दरलाई आकर्षक बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरू कोषसँग रहेका छन् । त्यसैगरी पुँजी बजारतर्फको कारोबारमा प्रतिष्पर्धा, नेपाल वायु सेवा निगमलाई प्रवाह भएको कर्जा नियमित रूपमा असुली नभएको, कोषमा आबद्ध संस्था र सहभागीहरूलाई सामाजिक सुरक्षा कोषमा जानुपर्ने अवस्था सिर्जना गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम अन्य संस्थाबाट सञ्चालन गर्ने व्यवस्थाले कोषको कारोबारमा परेको असर जस्ता बाह्य चुनौतीहरू रहेका छन् । यसै गरी बजारमा अधिक तरलता रहेको कारणबाट मुद्दति निक्षेपको ब्याजदरमा आएको अत्याधिक गिरावट, मुद्दती निक्षेप हाल माग हुन छाडेको अवस्था एवं कर्जाको माग समेत कम भएको स्थिति लगायतका कारण कोषले सञ्चालन गरेका कार्यक्रम/योजनाको वित्तीय अवस्थामा पर्न गएको असर चुनौतिपूर्ण रहेको छ । यी कोष सामु रहेका चुनौतीहरू व्यवस्थापनका लागि कोषले आफ्नो प्रयोगमा रहेको सफ्टवेयरलाई नियमित रूपमा अद्यावधिक गरी सबै कार्यक्रममा लागू गर्ने, कोषका सेवाहरूलाई डिजिटलाइज गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरुस्त बनाउने, सहभागीहरूलाई आकर्षक प्रतिफल दिने गरी सुरक्षित रूपमा लगानी विविधीकरण गर्ने लगायतका रणनीति लिएको छ ।

७. **संस्थागत सुशासन**

कोषको शिर्ष निकायका रूपमा रहेको सञ्चालक समिति शेयरधनीहरू प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्ने जिम्मेवारीमा रहेको छ । कोषले सञ्चालन गर्ने योजना/कार्यक्रमहरूको सञ्चालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणीकरण गर्न सञ्चालकको संयोजकत्वमा ट्रस्टी उपसमितिहरू गठन गरिएको छ । सहभागीहरू प्रति ट्रस्टी उत्तरदायी रहने गरेको छ । आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न सञ्चालकको संयोजकत्वमा लेखा परीक्षण समिति रहेको छ । सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उपसमिति, जोखिम व्यवस्थापन उपसमिति र लगानी अनुगमन उपसमिति गठन गरिएको छ । यस सम्बन्धमा सम्पादित कार्यहरूको प्रतिवेदन आवधिक रूपमा सञ्चालक समिति समक्ष पेश गर्ने गरिएको छ । कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगानी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ । नागरिक लगानी कोष ऐन एवं लगानी नीतिको परिधिमा रही तोकिएको विधि प्रक्रिया र मापदण्ड अनुसार लगानी गर्ने गरिएको छ । सहभागीहरूलाई कर्जा प्रदान गर्दा कर्जा कार्यविधिको अधीनमा रही गर्ने गरिएको छ ।

८. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।